## सूर्योदय नगरपालिकाको आय ठेक्का व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०२/१५

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको आर्थिक कार्यविधि लाई नियमित तथा ब्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ३१ तथा सुर्योदय नगरपालिकाको सार्जानिक खरिद नियमावलि २०७५ को नियम १३८ ले दिएको अधिकार प्रयोग गरी यो आय ठेक्का व्यवस्थापन कार्यविधि, २०८१ जारी गरिएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको आय ठेक्का व्यवस्थापन कार्यविधि,-२०८१" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आन्तरिक आय" भन्नाले नेपालको संविधानको अनुसूची ८ र अन्य सङ्घीय तथा प्रदेश कानूनले प्रदान गरेको अधिकार अन्तर्गत रही आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ ।

(ख) "अधिकार प्राप्त अधिकारी" भन्नाले यस उल्लिखित कार्यविधि बमोजिम खरिद सम्बन्धी कार्य स्वीकृत गर्ने अधिकार प्राप्त अधिकारी सम्झनुपर्छ ।

(ग) “प्रमुख” भन्नाले सूर्योदय नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(घ) "उपप्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) “एक तह माथिको अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतको हकमा नगरपालिकाको प्रमुख र नगरपालिकाको प्रमुखको हकमा नगर कार्यपालिका र नगरकार्यपालिकाको हकमा नगरसभा सम्झनुपर्छ ।

(च) “कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(छ) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ज) “कार्यालय प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(झ) “कोष” भन्नाले सूर्योदय नगरपालिकाको स्थानीय सञ्चित कोष सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम स्थापना भएका अन्य स्थानीय कोषलाई समेत जनाउँदछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत वा सो कार्य गर्न तोकिएको अधिकार प्राप्त कर्मचारीलाई सम्झनुपर्दछ ।

(ट) "सार्वजनिक निकाय प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्छ ।

(ठ) "सार्वजनिक निकाय" भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

### परिच्छेद- २
### आन्तरिक आयको ठेक्का आह्वान

३. **आन्तरिक आयको लागि ठेक्का बन्दोबस्त गर्न सक्नेः**

(१) प्रचलित कानून बमोजिम सभाले निर्णय गरे अनुसारको कर, सेवाशुल्क, दस्तूर तथा अन्य आन्तरिक आय वार्षिक रुपमा असुल गर्नका लागि अनुसूची १ बमोजिमका क्षेत्रहरुमा ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक तथा न्युन ठेक्का अङ्कको ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा वा एक आर्थिक वर्षको लागि मात्र ठेक्का बन्दोवस्त गर्दा ठेक्का सकार्ने पक्षको व्यवस्थापन लागत उल्लेख्य बढी हुने देखिएमा २ वर्ष वा सो भन्दा बढी अवधिका लागि नगर कार्यपालिकाले निर्णय गरे बमोजिम बन्दोबस्त गर्न सकिने  छ ।

(३) यस कार्यविधि बमोजिम ठेक्का बन्दोबस्त गर्दा लागत प्रभावकारी हुने, प्रशासनिक सहजता हुने वा आय वृद्धि हुनसक्ने अवस्थामा यस कार्यविधिको अधीनमा रही अन्य गाउँपालिका वा नगरपालिकासँग आपसी सहमतिद्वारा संयुक्त रुपमा ठेक्का बन्दोबस्त गर्न समेत सकिनेछ ।

(४) यस कार्यविधि बमोजिम ठेक्का बन्दोबस्त गर्दा सामान्यतया आर्थिक वर्ष सुरु हुनु अगाडि नै ठेक्का सम्झौता गरिसक्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायका विधि अपनाउनु पर्नेछ :-

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नु पर्नेछ ।

(ख) उपदफा ५ (क)  बमोजिम असुली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भइसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि आर्थिक ऐनले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष सर्तहरु र सूचनामा उल्लेख गरिने कूराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नुपर्नेछ।

(ग) उपदफा ५ (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आयको कुल ठेक्का अङ्क बीस लाख रुपैयाँ सम्म भएमा सिलबन्दी दरभाउपत्र आह्वानको माध्यमबाट र कुल ठेक्काअङ्क सो भन्दा बढी भएमा बोलपत्र आह्वान गरी ठेक्का प्रकृया अगाडि बढाउनु पर्नेछ ।

(घ) उपदफा ५ (ग) बमोजिम ठेक्का आह्वान गर्दा सिलबन्दी दरभाउपत्रको हकमा स्थानीय स्तरमा नियमित प्रकाशन हुने दैनिक पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा सात दिनको म्याद तथा सिलबन्दी बोलपत्रकोहकमा स्थानीय स्तरमा नियमित प्रकाशन हुने दैनिक पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई अनुसूची ०२ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना नगर कार्यपालिकाको कार्यालय रवडा कार्यालयहरुमा सबैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गरी सो को मुचुल्का वा टाँसेको जानकारी प्राप्त गर्नु पर्नेछ । यस्तो सूचना कार्यालयको वेभसाईटमा समेत राखु पर्नेछ ।

(६) उपदफा ५ (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :

(क) ठेक्काका मुख्य मुख्य सर्तहरु,

(ख) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(ग) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाउँदा छुट दिइने भए सो कुरा,

(घ) ठेक्का सम्बन्धी कागजात, फारम प्राप्त हुने स्थान र तरिका,

(ङ) ठेक्का सम्बन्धी कागजात पेस गर्ने/पठाउने तरिका,

(च) ठेक्का सम्बन्धी कागजात/फारम पेस गर्नुपर्ने कार्यालय वा अधिकारीको नाम,

(छ) ठेक्का सम्बन्धी कागजात फारम खरिद बापत लाग्ने दस्तुर,

(ज) ठेक्का सम्बन्धी कागजात दाखिला हुनुपर्ने अन्तिम मिति, समय र स्थान तथा खोलिने मिति, समय र स्थान,

(झ) ठेक्का उपर निर्णय हुने मिति,

(ञ) जमानत बापत राख्नु पर्ने रकम वा बैङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि ।

(७) ठेक्का सम्बन्धी कागजात / फाराम खरिद गर्ने तीन लाख रूपैयाँ सम्म ठेकअङ्कको लागि व्यक्तिगत आयकर वा मू. अ. कर मा दर्ता भएको तर तीन लाख रूपैयाँ भन्दा बढी ठेक अङ्कको लागि अनिवार्य मू. अ. कर मा दर्ता भएको हुनुपर्नेछ ।

**४. दस्तुरः** (१) ठेक्का सम्बन्धी कागजात / फारामको दस्तुर कायम गर्दा निम्न बमोजिमको मूल्य कायम गर्नु पर्नेछः

(क) बीस लाख रूपैयाँसम्मको ठेक्काको लागि एक हजार रूपैयाँ

(ख) बीस लाख रूपैयाँभन्दा माथि जतिसुकै रकमको ठेक्काको लागि तीन हजार रूपैयाँ

**५. पुनः ठेक्का आह्वान गर्नु पर्नेः**(१) देहायको अवस्थामा दरभाउपत्र/बोलपत्र पुनः आह्वान गर्नुपर्ने छः

(क) दफा ३ (५) बमोजिम प्रथम पटक ठेक्का आह्वान गर्दा ठेक्का पर्न नआएमा वा,

(ख) तीनवटा भन्दा कम ठेक्का परेमा वा,

(ग) पेस भएका प्रस्तावहरु मध्ये न्युनतम तीन वटा ठेक्का प्रस्तावहरु दफा ७ बमोजिमको मूल्याङ्कनमा असफल भएमा वा,

(घ) सिलबन्दी दरभाउपत्र/बोलपत्रको हकमा पेस भएका दरभाउपत्र/बोलपत्र सम्बन्धी प्रस्तावहरु मध्ये कम्तीमा दुईवटा प्रस्तावहरु स्वीकृत न्यूनतम ठेक अङ्कको बराबर वा सो भन्दा बढी नभएमा ।

(२) दोश्रो पटक सूचना आह्वान गर्दा एकमात्र प्रस्ताव परेमा र सो प्रस्ताव रीतपूर्वकको भएमा वा एक भन्दा बढी प्रस्ताव पेस भई सो मध्ये कुनै एक मात्र प्रस्ताव रीतपुर्वकको भएमा ठेक्का स्वीकृत गर्न बाधा पर्ने छैन ।

(३) दोश्रो पटक सूचना आह्वान गर्दा पनि प्रस्ताव नपरेमा कम्तीमा सात दिनको म्याद दिई दफा ३ (६) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछः-

(क) बढाबढ हुने स्थान,

(ख) बढाबढ हुने मिति र समय,

(ग) अन्य आवश्यक कुराहरु

(४) ठेक्का कबोल गर्ने वा डाँक बोल्ने फर्मको आधिकारिक व्यक्तिले आफूले कबोल गरेको अङ्कको ५ प्रतिशत रकम नगदै वा सूचनामा तोकिएको बैङ्कमा जमानत बापत रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको बीसलाख सम्मको ठेक अङ्कको हकमा कम्तीमा ७५ दिन तथा बीसलाख भन्दा माथिको ठेक अङ्कको हकमा कम्तीमा १२० दिन म्याद भएको बिड बंडको सक्कल प्रति संलग्न राखु पर्नेछ । जमानत बापतको रकम ठेक्का प्रस्तावपेस गर्ने अन्तिम दिन देखि कम्तीमा ७५ दिन मान्य अवधि भएको हुनुपर्नेछ ।

(५) उपदफा (३) को सूचना बमोजिम बढाबढ गर्दा समेत ठेक्का व्यवस्थापन हुन नसकेमा कार्यालयले आय ठेक्का उठाउने सम्बन्धी आवश्यक व्यवस्था मिलाउन राजस्व परामर्श समितिको परामर्शमा कार्यपालिकाको सिफारिसमा सभाबाट स्वीकृत गरी ठेक अङ्क पुनरावलोकनको कारवाही अघि बढाउनु पर्ने छ।

(६) उपदफा (४) बमोजिम राखिएको जमानत बापतको रकम सो जमानत राखे व्यक्ति वा फर्म वा संस्थाले पेसगरेको ठेक्का वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नुपर्नेछ । कुनै ठेक्काको चलन पुर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म उक्त जमानत फिर्ता हुने छैन ।

(७) उपदफा (३) को सूचना बमोजिम बढाबढको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा फ्याक्सद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

(८) यस कार्यविधि बमोजिम पर्न आएका ठेक्का वा डाँक बढाबढको प्रस्तावको लागि पेस भएका ठेक्का सम्बन्धी कागजातहरु ठेक्काका सर्त बमोजिम भए नभएको हेरी दफा ६ बमोजिमको बोलपत्र मूल्याङ्कन समितिले सिफारिस सहित निर्णयको लागि पेस गर्नुपर्नेछ ।

## परिच्छेद- ३
## ठेक्काको मूल्याङ्कन, स्वीकृति र सम्झौता

**६. ठेक्काको मूल्याङ्कन समितिः** (१) दरभाउ-पत्र/बोल-पत्र वा डाँक बढाबढको प्रस्तावको लागि पेस भएका कागजातहरु दरभाउ-पत्र/बोलपत्रका सर्त बमोजिम भए नभएको हेरी सिफारिस गर्नका लागि नगरपालिकाले खरिद व्यवस्थापनको लागि गठन गरेको बोलपत्र मूल्याङ्कन समितिले नै आय ठेक्कासम्बन्धी खरिद मूल्याङ्कन गर्ने कार्य गर्नेछ ।

**७. ठेक्का मूल्याङ्कन र आवश्यक कागजातहरुः** (१) दफा ६ बमोजिमको मूल्याङ्कन समितिले दरभाउपत्र/बोलपत्रको मूल्याङ्कन गर्दा निम्न अवस्था र कागजातलाई अध्ययन गरेर मात्र मूल्याङ्कन गर्नुपर्नेछः

(क) तीन लाख रुपैयाँ सम्मको ठेक्काको हकमा व्यक्तिले समेत खरिद गर्न सक्नेछ जसका लागि खरिदकर्ताको नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, प्यान / आयकर दर्ताको प्रमाण पत्र पेस भएको हुनुपर्नेछ ।

(ख) खरिदकर्ता फर्म/कम्पनी भए चालु आ.व. सम्मको नवीकरण भएको, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाण पत्र र लगतै पछिल्लो आ.व. सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेस भएको हुनुपर्नेछ ।

(ग) ठेक्का सम्बन्धी कागजातमा प्रमुख प्रशासकीय अधिकृत वा अधिकार प्राप्त अधिकारीको दस्तखत तथा कार्यालयको आधिकारिक छाप भएको हुनुपर्नेछ । दस्तखत तथा कार्यालयको आधिकारिक छाप सहित फोटोकपी गरिएको ठेक्का सम्बन्धी कागजातलाइ मान्यता हुने छैन ।

(घ) ठेक्का प्रस्तावदाताले कबोल गरेको अङ्कको कम्तीमा ५% रकम दरभाउपत्र/बोलपत्र जमानत बापत जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट सूर्योदय नगरपालिकाको नाममा जारी गरिएको तोकिएको मान्य अवधि भएको बैंक जमानत (बिड बंड) पेसभएको हुनुपर्नेछ ।

(ङ) ठेक्का सम्बन्धी कागजातको सबै पृष्ठमा तथा दररेट महलमा प्रस्ताव गरिएको दररेट वा जम्मा कबोल रकममा केरमेट भएको भए उक्त स्थानमा आधिकारिक दस्तखत / छाप भएको हुनुपर्नेछ ।

(च) कालोसूचिमा नरहेको र विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बक्यौता बाँकीनभएको हुनुपर्नेछ ।

(छ) ठेक्का सम्बन्धी कागजातमा वा विओक्युमा ठेक्कालाइ प्रत्यक्ष प्रभाव पार्ने कुनै फरक सर्तनभएको हुनुपर्नेछ । ठेक्कालाइ प्रत्यक्ष प्रभाव पार्ने कुनै फरक सर्त भएको भए उक्त ठेक्का सम्बन्धी कागजात मान्य हुनेछैन।

(ज) ठेक्का प्रस्तावदाताले ठेक्का सम्बन्धी कागजातको विओक्युमा कबोलअङ्क भन्दा थप बढी वा घटीमा गर्छु भनी लेखिएको खण्डमासोही लेखिएबमोजिम हुनेगरी मान्यता दिइ मूल्याङ्कन गरिने छ ।

(झ) ठेक्का प्रस्तावदाताले कबोलअङ्कप्रस्ताव गर्दा अङ्क अक्षरमा फरक परेमा अक्षरमा लेखिएको कबोल अङ्कलाई मान्यता दिइनेछ ।

(२) प्रस्तावदाताको प्रस्ताव माथि उल्लिखितमूल्याङ्कनका आधारहरु भन्दा फरक भएमा उक्त प्रस्तावदाताको प्रस्ताव अस्वीकृत भएको ठहर गरी मूल्याङ्कनबाट हटाउनु पर्नेछ ।

(३) कार्यालयको स्वीकृत न्यूनतम ठेक अङ्क भन्दा कम कबोल गर्ने ठेक्का प्रस्तावदाताको प्रस्ताव अस्वीकृत हुनेछ ।

(४) दफा ७ (१) बमोजिमको मूल्याङ्कनका आधार बमोजिम सफल प्रस्तावहरु मध्ये एक भन्दा बढी प्रस्तावहरुको कबोल अङ्क बराबर भएमा बराबर कबोल अङ्क भएका प्रस्तावदाताहरुलाई लिखित रुपमा बढाबढको प्रकृयामा सहभागी गराउनु पर्ने छ। बढाबढमा सबैभन्दा बढी कबोल अङ्क प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गरिने छ । उक्त प्रस्तावदाताहरु मध्ये कुनै प्रस्तावदाता बढाबढमा भाग लिन मञ्जुर नभएमा वा बढाबढबाट समेत सबै भन्दा बढी कबोल गर्ने प्रस्तावदाता छनौट हुन नसकेमा गोलाप्रथाबाट सफल प्रस्तावदाता छनौट गर्नु पर्ने छ ।

(५) बोलपत्र मूल्याङ्कन समितिले उल्लिखितमूल्याङ्कनमा सफल प्रस्तावहरुको आर्थिक प्रस्ताव मूल्याङ्कन गरी सबैभन्दा बढी कबोल गर्ने ठेक्का प्रस्तावदाताको दरभाउपत्र / बोलपत्र प्रस्ताव छनौट गरी आय ठेक्का व्यवस्थापनका लागि नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्नुपर्नेछ ।

८. **ठेक्का स्वीकृत गर्नेः** (१) कार्यविधिको दफा ३ (६) बमोजिम प्रकाशित सूचना अनुसार दाखिला भएको कुनै वा सबै ठेक्का वा कबोल गरेको / बोलेको कुनै वा सबै डाँक कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सकिनेछ ।

(२) यस कार्यविधि बमोजिम ठेक्का स्वीकृत गर्दा ठेक्काका सर्तहरु पूरा गरी सारभूत रुपमा प्रभावग्राही देखिएका ठेक्का प्रस्तावदाताहरुमध्ये सबैभन्दा बढी अङ्क कबोल गर्नेको ठेक्का स्वीकृत गर्नु पर्नेछ ।

(३) डाँक बढावढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ सुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै कुल कबोल अङ्क बराबरको धरौटी नगद वा बैंङ्क ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिमको ठेक्का वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत वा सो कार्य गर्न तोकिएको अधिकारीलाई हुनेछ ।

(५) कार्यालयबाट विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बक्यौता रहेका तथा कालोसूचिमा रहेका व्यक्ति/फर्म/संस्था को ठेक्का स्वीकृत हुने छैन ।

९. **पट्टा दिने र कबुलियत / सम्झौता गराउनेः** (१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने ठेक्का वा डाँक स्वीकृत भइसकेपछि कार्यालयले सात दिनभित्र सोको सूचना ठेक्कादाता वा डाँकवालालाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना जारी गर्दा सात दिनको म्याद दिई कबुलियत / सम्झौताको लागि आउन सूचना गर्नु पर्नेछ ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि निजलाइ गरिएको पत्राचार वा स्थानीय पत्रपत्रिकामा प्रकाशित गरिएको सार्वजनिक सूचनालाई सूचना भएको मानिनेछ ।

(३) उपदफा (२) बमोजिम जारी भएको सूचनाको म्यादमा ठेक्काप्रस्तावदाता वा डाँकवाला हाजिर भई कबुलियत / सम्झौता गर्न मजूर गरेमा निजबाट तुरुन्त कबुलियत / सम्झौता गराई निजलाई कार्यदिश वा पट्टा वा चलन पूर्जी दिनु पर्नेछ। त्यस्तो ठेक्का प्रस्तावदाता वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत / सम्झौता गर्न मञ्जुर नगरेमा निजको धरौटी जफत गरि कालोसूचीमा राख्नकोलागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाएर निज पछिको क्रम अनुसार दोस्रो, तेस्रो ठेक्का प्रस्तावदाता वा डाँकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ ।

(४) संयुक्त रुपमा ठेक्का आह्वान गर्नुपर्ने अवस्थामा सोको व्यवस्थाको लागि ठेक्का वा बढाबढको लागि कार्यसर्त तोकी संयुक्त समितिको व्यवस्था गर्नुपर्नेछ । संयुक्त समितिको अख्तियारवालाले ठेक्का खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र ठेक्का वा डाँक स्वीकृत गर्ने वा नगर्ने निर्णयका लागि संयुक्त समिति समक्ष पेस गरी निकास भए बमोजिम गर्नु पर्नेछ। संयुक्त समितिले पेस भएको पन्ध्र दिनभित्र ठेक्का वा डाँक स्वीकृत भए वा नभएको निकास दिइसक्नुपर्नेछ । तोकिएको म्यादभित्र पेस नगरेको वा निकास नदिएको कारणले कुनै हानी नोक्सानी भएमा यसरी हानी नोक्सानी भएको रकम जसको ढिलाई वा लापरवाहीले गर्दा हानी नोक्सानी भएको हो सोही व्यक्तिबाट असुल उपर गरिनेछ ।

(५) ठेक्का वा डाँक स्वीकृत भए पछि ठेक्का प्रस्तावदाताले स्वीकृत ठेक्का अङ्क बराबरको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंड वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधिभएको बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेस गरी वा ठेक्का स्वीकृत भए पछि ठेक्का प्रस्तावदाताले स्वीकृत ठेक्काको एक तिहाइ बराबरको रकम यस कार्यालयको नाममा तोकिएको बैंक खातामा नगदै पहिलो किस्ता बापतको रकम जम्मा गरेको सक्कल बैंक भौचर वा तथा कुल ठेक्का अङ्कको दुई तिहाइ रकम बराबरको रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) प्राप्त भएपछि ठेक्का सम्बन्धी सबै सर्त खुलाई अनुसूची३ बमोजिम सम्बन्धित ठेक्काप्रस्ताव दातासँग कबुलियत / सम्झौता गराई अनुसूची ४ बमोजिम पट्टा / कायदिश दिनु पर्नेछ । कबोल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा परफरमेन्स वण्ड आवश्यक पर्ने छैन ।

(६) ठेक्का वा डाँक स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्यादभित्र ठेक्का वा डाँकवालाले कार्यादेश नलिएमा वा चलन पुर्जी नलिएमा वा पट्टा नउठाएमा निजले उपदफा (५) बमोजिम राखेको धरौटी रकम वा जमानत बापतको रकम वा बैंक ग्यारेण्टी जफत गर्नुपर्नेछ र कालोसूचिमा राख्नकोलागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउनुपर्नेछ ।

## परिच्छेद ४
## विविध

**१०. ठेक्का रकमको किस्ता बुझाउनेः**(१) आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असुल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र ठेक्का सम्बन्धी कागजातमा उल्लिखित असुली कार्यतालिका र अन्य सर्त बमोजिम हुनेछ । तर, यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेक्का प्रस्तावदाताले कबुलियत / सम्झौताको समयमा कबोल अङ्क अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १०% छुट दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको छुटको प्रतिशत ठेक्का वा बढाबढको सूचनामा वा ठेक्का सम्बन्धी कागजातमा उल्लेख भएको हुनु पर्नेछ । सूचनामा वा ठेक्का सम्बन्धी कागजातमा उल्लेख नभएमा छुट दिइने छैन ।

(४) ठेक्का प्रस्तावदाता वा डाँकवालाले पहिलो किस्ताबापतको रकम ढिलोमा चालु आ.व. को कार्तिक मसान्त भित्र, दोश्रो किस्ताबापतको रकम ढिलोमा चालु आ.व. को फाल्गुण मसान्त गते भित्र तथा तेश्रो तथा अन्तिम किस्ताबापतको रकम ढिलोमा चालु आ.व. को आषाढ १५ गते भित्रमा अनिवार्य जम्मा गरी सक्नुपर्नेछ । उल्लिखित तोकिएको अवधि भन्दा १५ दिन ढिलो गरी किस्ता जम्मा गरेको भएमा थप ५% जरिवाना समेत असुल गरिनेछ । उल्लिखित अवधि भन्दा १५ दिन पछाडि सम्म समेत किस्ता जम्मा नगरेमा / नभएमा आवश्यक कारबाहीकोलागि कार्यपालिकामा पेस गरिनेछ ।

**११. ठेक्का तोड्नेः** (१) पट्टा कबुलियत / सम्झौताको कुनै सर्त बर्खिलाप हुने काम गरेमा वा सर्त बमोजिम गर्नुपर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भइसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेक्कादाताले तोकेको दरभन्दा बढी दरमा कर / शुल्क असुल गरेमा वा कबुलियत / सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असुल गरेमा वा अन्य तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असुल गरेमा निजलाइ त्यसो नगर्न दुई पटक सम्म सचेत गराइ त्यस्तो बढी लिएको वा दोहोरो पर्न गएको रकम सम्बन्धितलाई फिर्ता गराइनेछ ।

(३) उल्लिखित क्रियाकलाप उपदफा (२) मा भन्दा बढी पटक दोहोरिएमा त्यस्तो ठेक्कादाताको ठेक्का तोडी धरौटी जफत गरिनेछ । यसरी धरौटी जफत गरी नयाँ ठेक्का बन्दोवस्त गर्दा साबिकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का बन्दोवस्त गर्दा लागेको रकम असुल उपर नभएमा सरकारी बाँकी सरह असुल उपर गरी निजलाइ कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय अनुरोध गरिनेछ । साथै अन्य स्थानीय तहहरु र व्यवसाय दर्ता वा इजाजत पत्र दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपदफा (३) बमोजिम ठेक्का तोडिएको अवस्थामा बाँकी ठेक्का अवधिको निमित्त ठेक्का वा डाँक बढाबढको प्रतिस्पर्धामा रहेका क्रमानुसारका ठेक्कादाता वा डाँकवालासँग राजश्व परामर्श समितिको नयाँ ठेक अङ्क सिफारिसमा कार्यपालिकाको निर्णयानुसार ठेक अङ्क कायम गरी सोही अनुसारको धरौटी रकम नगदै वा बैंक ग्यारेन्टी लिई साबिकको स्वीकृत ठेक्काको दरमा नयाँ असुलीकार्यतालिका बनाई ठेक्का बन्दोबस्त गर्न सकिनेछ । यस प्रकृयाबाट पनि बाँकी अवधिको लागि ठेक्का बन्दोबस्त गर्न नसकिएमाअवस्था अनुसार कार्यालयले पुनः ठेक्का आह्वान गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम नयाँ ठेक्का बन्दोबस्त गर्न वा पुनः ठेक्का बन्दोबस्त गर्न लाग्ने समय सम्मको बीचको अवधिका लागि कार्यालयले आय सङ्कलन सम्बन्धी अन्य कुनै उपयुक्त व्यवस्था समेत गर्न सक्नेछ ।

(६) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट भएको नोक्सानी र सम्बन्धित ठेक्कादाताबाट लिनु पर्ने बाँकी भएमा त्यसको १०% छुट समेत सो ठेक्कादाताले राखेको जमानतबाट असुल नभए निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(७) विशेष परिस्थिति वा प्राकृतिक कारण वा काबु बाहिरको परिस्थितिका कारण सम्झौता भएको आय ठेक्का तोड्नु वा ठेक्का रकम संशोधन वा पुनरावलोकन गर्नु परेमा राजश्व परामर्श समितिले ठेक्का तोड्नु वा ठेक्का रकम संशोधन वा पुनरावलोकन गर्नु पर्ने प्रष्ट कारणखोली सुझाव सहितको परामर्श दिनुपर्ने छ । उक्त परामर्श समेतका आधारमा आय ठेक्का तोड्ने वा ठेक्का रकम संशोधन तथा पुनरावलोकन सम्बन्धमा सो अवधि सम्मको सम्झौता अनुसारको सम्पूर्ण आय रकम असुल गर्ने गरी कार्यपालिकाको सिफारिसमा नगरसभाले गरेको निर्णयानुसार हुनेछ ।

**१२. बक्यौता रकम असुली सम्बन्धी व्यवस्थाः** (१) कार्यालयले विभिन्न कारणवाट असुल हुन नसकी बाँकी रहेको बक्यौता रकम असुल गर्न बक्यौता असुली कार्ययोजना बनाई रकम असुल उपर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम असुल गर्नुपर्ने रकम असुलीको लागि स्थानीय प्रशासन, सुरक्षा निकाय, उद्योग वाणिज्य सङ्घ, निर्माणव्यवसायी सङ्घ, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग प्राप्त भई बक्यौता रकम असुली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई असुली अङ्कको बढीमा ५% सम्म रकम पुरस्कार/ प्रोत्साहन स्वरुप उपलब्ध गराउन सकिनेछ । एक भन्दा बढी व्यक्ति वा संस्थाको सक्रियतामाबक्यौता रकम असुली भएको भए यस्तो पुरस्कार रकम दामासाहीवाट उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असुल उपर हुन नसकेमा सरकारी बाँकी सरह रकम असुल उपर गरिनेछ ।

**१३. सम्पत्ति तथा उत्पादनको बिक्री सम्वन्धी व्यवस्थाः** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको र आफूले गरेको उत्पादित वस्तु तथा सेवाको बिक्री गर्दा यस कार्यविधिको अधीनमा रही गर्नुपर्नेछ ।

(२) तर, उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अचल सम्पत्ति बिक्री गर्दा नेपाल सरकारको निर्णयानुसार मात्र हुनेछ ।

(३) उपदफा (१) अनुसार अन्य उत्पादनहरुको मूल्य निर्धारण एवम् बिक्री प्रक्रिया व्यवस्थापनका लागि कार्यपालिकाले आवश्यक थप कार्यविधि / निर्देशिका जारी गर्नसक्नेछ ।

**१४. विभागीयकारबाही र सजाय हुनेः**(१)कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनुपर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानिनोक्सानी पु-याउने, कुनै करदातालाई अनुचित अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, समान करको दायित्व घटिबढी गर्ने फाईदा पु-याउने वा आफ्नो वा अरु कसैको निजि स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नुपर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिलेनगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरीसम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैँले विभागीय कारबाही गर्ने र कारबाही अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि अधिकार प्राप्त अधिकारी समक्ष राय साथ पेस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानबिन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारबाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानबिन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धीकानून बमोजिम आवश्यक कारबाही गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधिभर सो अधिकृतलाई अधिकृतको तोकिएको जिम्मेवारीबाट अलग राखिने छ ।

(६) उपदफा (३) बमोजिमको छानबिन गर्ने र अधिकृतको तोकिएको जिम्मेवारीबाट अलग राख्ने अवधि एक महिना भन्दा बढी हुने छैन ।

**१५. बाधा अड्काउ फुकाउने अधिकारः**(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले सो सम्बन्धी आवश्यक निर्णय गर्नेछ ।

**१६. संशोधनः** (१) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधीनमा रही नगर कार्यपालिकाको हुनेछ।

**१७. खारेजी र बचाउः**(१) यस कार्यविधिको कुनै विषय सार्वजनिक खरिद ऐन वा नियमावली वा प्रचलित ऐन नियमसँग बाझिएमा बाझिएको हद सम्म खारेज हुनेछ ।

**अनुसूची १**

**परिच्छेद -२ को नियम (१) सँग सम्बन्धित**

**आन्तरिक आयको लागि ठेक्का बन्दोबस्तका क्षेत्रहरु**

१. वातावरण ,फोहोरमैला व्यवस्थापन ढल निकास तथा सरसफाई
२. बिजुली तथा टेलिफोन
३. खानेपानी ,घाट ,पोखरी संरक्षण , शौचालयस्नान गृह ,
४. सार्वजनिक पार्क बगैँचा
५. हाटबजार तथा पशु वधशाला
६. अतिथिगृह र छात्रबास
७. अचल सम्पत्ति मूल्याङ्कन शुल्क
८. मर्मत सुधार (आफूले निर्माण गरेका यस अनुसूचिमा उल्लिखित साधन र सुविधाको मर्मत सम्भारबाट पार्किङ स्थल तथा पर्यटकीय स्थलको प्रवेश शुल्क

**अनुसूची२**

**परिच्छेद - २ को दफा ३ सँग सम्बन्धित**

**आन्तरिक आय ठेक्का बन्दोबस्तसम्बन्धी शिलबन्दी दरभाउपत्र / बोलपत्र आह्वानको सूचना**

आन्तरिक आय ठेक्का बन्दोबस्तसम्बन्धी शिलबन्दी दरभाउपत्र / बोलपत्र आह्वानको सूचना (प्रथम पटक प्रकाशन मितिः

सूर्योदय नगरपालिकाको आय ठेक्का व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायका कर शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आ.व. २०..... को लागि बन्दोबस्ती गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्था लगायत सम्बन्धित सबैमा निम्न सर्तहरुको अधीनमा रही रीतपूर्वक शिलवन्दी दरभाउपत्र / बोलपत्र आह्वानका लागि यो ७/१५ दिने सूचना प्रकाशन गरिएको छ ।

सर्तहरु:

१) दरभाउपत्र फारम / बोलपत्र फाराम कागजात ठेक अङ्क रु. २० लाख सम्म रु. १०००.०० र सो भन्दा माथिको ठेक अङ्कका लागि रु. ३०००.०० फिर्ता नहुने गरि बुझाई यो सूचना प्रकाशन भएको मितिले ७/१५ औं दिन कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । खरिदकर्ता व्यक्ति भएमा नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, प्यान दर्ताको प्रमाण पत्र अनिवार्य पेस गर्नु पर्नेछ । खरिदकर्ता फर्म/ कम्पनी वा संस्था भए चालु आ.व. २०../.. सम्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र (अघिल्लो) आ.व. २०../.. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि समेत बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२) रु ३ लाखभन्दा बढी ठेक अङ्क भएको ठेक्कामा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा संस्थाहरुले मात्र भाग लिन पाउनेछन् ।

३) प्रमुख प्रशासकीय अधिकृत / अधिकार प्राप्त अधिकारीको दस्तखत तथा कार्यालयको आधिकारिक छाप नभएको र फोटोकपी गरिएको शिलबन्दी दरभाउपत्र / बोलपत्र सम्बन्धी कागजातलाई मान्यता दिइने छैन । साथै एक व्यक्ति / फर्मको नामबाट खरिद गरी अर्को व्यक्ति / फर्मको नामबाट शिलबन्दी दरभाउपत्र / बोलपत्र सम्बन्धी कागजात दाखिला गर्न पाइने छैन । ठेक्का पेस गर्दा शिलबन्दी दरभाउपत्र / बोलपत्र सम्बन्धी कागजात खरिद दस्तुर बुझाएको सक्कलै भौचर अनिवार्य पेस गर्नुपर्नेछ ।

४) शिलबन्दी दरभाउपत्र / बोलपत्र सम्बन्धी कागजातको खाममा ठेक्का नं., ठेक्काको नाम, ठेक्कादाताको नाम, ठेगाना, सम्पर्क नं. र छाप स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

५) शिलबन्दी दरभाउपत्र/ बोलपत्र कागजात ८/१६औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र/ बोलपत्र कागजात सोही दिन दिनको १ बजे यस कार्यालयमा खोलिनेछ । शिलबन्दी दरभाउपत्र / बोलपत्र कागजात खोल्दा ठेक्कादाता स्वयम् वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ उक्त समयमा ठेक्कादाता स्वयं वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दी दरभाउपत्र / बोलपत्र कागजात खोल्न कुनै बाधा पर्ने छैन । शिलबन्दी दरभाउपत्र / बोलपत्र कागजात दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य सोकोभोलिपल्ट वा कार्यालय खुलेपछि सोही समय र स्थानमा गरिनेछ ।

६) शिलबन्दी दरभाउपत्र / बोलपत्र कागजात / फारामका साथ आफूले ठेक्का कबोल गरेको अङ्कको ५% रकम जमानत बापत...............................................................बैंङ्क, फिक्कल स्थित यस कार्यालयको धरौटी खाता नं ................................................... मा नगद दाखिला गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट सूर्योदय नगरपालिकाको नाममा जारी गरिएको कम्तीमा७५/१२० दिन मान्य अवधि भएको बैंक जमानत (ग्यारेण्टि) पेस गर्नु पर्नेछ ।

७) शिलबन्दी दरभाउपत्र / बोलपत्र कागजात / फारामको वि.ओ.क्यु. को दररेट महलमा प्रस्ताव गरिएको दररेट अङ्क र अक्षरमा प्रस्ट लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

८) यस कार्यालयबाट विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बक्यौता रहेका व्यक्ति/फर्म/संस्था को ठेक्का स्वीकृत हुने छैन ।

९) ठेक्का स्वीकृत भए पछि ठेक्का प्रस्तावदाताले स्वीकृत ठेक्का अङ्क बराबरको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्क वा वित्तीयसंस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेस गर्नु पर्नेछ । वा ठेक्का स्वीकृत भए पछि ठेक्का प्रस्तावदाताले स्वीकृत ठेक्काको एक तिहाइ बराबरको रकम यस कार्यालयको नाममा तोकिएको बैंक खातामा नगदै पहिलो किस्ता बापतको रकम जम्मा गरेको सक्कल बैंक भौचर तथा कुल ठेक्का अङ्कको दुइ तिहाइ रकम बराबरको रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्क वा वित्तीयसंस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेस गर्नु पर्नेछ। कबोल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा परफरमेन्स वण्ड आवश्यक पर्ने छैन ।

१०) ठेक्का रकम बढीमा ३ किस्तामा बुझाउनु पर्नेछ। सम्झौता गर्दा पहिलो किस्ता बापतको रकम नगदै (स्वीकृत ठेक्का अङ्कको एक तिहाइ बराबरको रकम) वा स्वीकृत ठेक्का अङ्क बराबरको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्क वा वित्तीयसंस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) अनिवार्य बुझाउनु पर्नेछ । ठेक्का रकम बुझाउदा प्रत्येक किस्ताको रकम उक्त किस्ता बुझाउने चौमासिकअवधिको अन्तिम सम्ममा बुझाउनु पर्नेछ । एकमुष्ट ठेक्का रकम अग्रिम बुझाउन चाहेमा कुल ठेक्का अङ्कको १०% प्रतिशत रकम छुट दिइनेछ ।

११) ठेक्कादाताले नगरपालिकाले तोकेको कर तोकिएको संङ्कलन केन्द्रबाट तोकिएको दररेट अनुसार मात्र संकलन गर्नुपर्नेछ ।

१२) ढुंगा, गिटी, बालुवा तथा नदी/खोलाजन्य सामाग्रीहरु बिक्री तथा निकासीको ठेक्का बन्दोबस्ती अवधि ......... आश्विन १ गते देखि लागु भई जेष्ठ मसान्त सम्म मात्र कायम हुनेछ ।

१३) अन्य आय ठेक्काको बन्दोबस्ती अवधि गते देखि लागू भई..... मसान्त सम्म कायम हुनेछ ।

१४) ठेक्का अवधिमा कुनै बाधा अड्चन आइपरेमा वा ठेक्कादाता र कार्यालयबीच विवाद वा अस्पष्टता भएमा सम्झौताको सर्त, नगर कार्यपालिकाको निर्णय, प्रचलित ऐन नियम, नेपाल सरकार तथा प्रदेश सरकारले सो सम्बन्धमा जारी गरेका मापदण्ड/कार्यविधि/निर्देशिका/निर्देशन अनुसार हुनेछ ।

१५) प्रचलित कानून बमोजिम मु.अ.कर टिडिएस नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर लगायतका सम्पूर्ण दायित्वहरु ठेक्काप्रस्तावदाता स्वयमले ब्यहोर्नु पर्नेछ । उल्लिखित रकमहरु ठेक्काप्रस्तावदाताले कबोल गरेको ठेक्का रकममानै समावेश गर्नुपर्नेछ नगरेमा उक्त सम्पूर्ण दायित्वहरु ठेक्का सम्बन्धी कागजातमा ठेक्काप्रस्तावदाताले कबोल गरिएको अङ्कमानै समावेश भएको मानिनेछ ।

१६) ठेक्कासम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

| ठे. न. | ठेक्काको विवरण | न्युनतमकबोल अङ्क (भ्याट बाहेक) | ठेक्का आह्वानको किसिम | ठेक्का जमानत रकम (विड वण्ड) र मान्य अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | दरभाउपत्रको हकमा कबोल रकमको कम्तीमा ५% र ठेक्का प्रस्ताव पेस | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गर्ने अन्तिम दिन देखि ७५ दिन मान्य अवधि भएको हुनुपर्ने । | |
| | | | | बोलपत्रको हकमा कबोल रकमको कम्तीमा ५% र ठेक्का प्रस्ताव पेस गर्ने अन्तिम दिन देखि १२० दिन मान्य अवधि भएको हुनुपर्ने । | |

**अनुसूची - ३**

**(परिच्छेद - ३ को दफा ९ सँग सम्बन्धित)**

**ठेक्का सम्झौता/कबुलियत फाराम**

लिखितम ........... नाति........................... छोरा ................. जिल्ला.........गाउँपालिका वा नगरपालिका वडा नं. ........ स्थायी घर भई हाल ...................................... गाउँपालिका वा नगरपालिका वडा नं. ............ मा बसोबास गर्दै आएको वर्ष ........ को .................................................... ले तपसिल बमोजिमको सर्तमा तपसिल बमोजिमको क्षेत्रमा .................................................. ठेक्का बन्दोवस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति .................................... को ठेक्का नं ............ को सूचनाबमोजिम..................................................................गर्नका लागि तपाईं समेतले पेस गर्नु भएको ठेक्का सम्बन्धी कागजात मूल्याङ्कन गर्दा आ.व................का लागि.......... रु............. ( मू.अ.कर बाहेक) मा तपाईंसँग ठेक्का सम्झौता गर्न मिति .................................मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका सर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा ..................................नगरपालिकाको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको सर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति .............................मा यस कार्यालयलाई........................ प्रतिशत छुट पाउने रकमकटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ...............................(मू.अ.कर बाहेक) बुझाई मिति............................ देखि मिति................................ सम्म आ.व................को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी सँग रकम चलनको सम्झौता/कबुलियत लेखी यस कार्यालयमा बुझाएको छु ।

तपसिल :

(१) यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र सर्तको अधीनमा रही आ.ब. ....................... का लागि ................ प्रतिशत छुटपाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ........................(मु.अ.कर बाहेक) वा प्रथम किस्ता बापतको रु. .....................(मु.अ.कर बाहेक )बुझाई......................... गते देखि.................... गते देखि .............................सम्मको लागि प्रचलित कानूनको अधीनमा रही .....................आयसङ्कलन गर्नेछु ।

(२) उक्त आय सङ्कलन गर्नका लागि सूर्योदय नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा विक्री मूल्य, सेवा शुल्क वा दस्तुरको रूपमा आय सङ्कलन गर्ने गरी सूर्योदय नगरपालिकालाइ अग्रिम एकमुष्ट वा प्रथम किस्ता बापतको रकम बुझाएको छु ।

(३) सो आय सङ्कलन गर्न सूर्योदय नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क, दस्तुर इत्यादि लिने छैन र सूर्योदय नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसीदहरू प्रयोग गरी आय सङ्कलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसीद प्रयोग गरेको पाईएमानियमानुसार कारवाही र सजाय भएमा मलाई मञ्जुर छ ।

नदीजन्य पदार्थहरु उत्खनन, सङ्कलन र बिक्री वितरण गर्ने सर्तहरुः

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

२. साधरण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट विक्री वितरण गर्ने क्रममा उल्लिखित सर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेक्कावालको हुनेछ ।

३. ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अङ्कको साथै उत्खननको लागि उल्लिखित परिमाणको आधारमा बिक्री शुल्क बापतको दरले हुन आउने रकम समेतको हिसावले नियमानुसार थप ..... मू.अ.कर रकम समेत गरी एकमुष्ट वा ...........किस्तामा........... प्रतिशतका दरले मसान्त भित्र र महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. यस नगरपालिकाका नदी/खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश कानून, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

५. यस ठेक्का सम्झौतामा उल्लिखित नदी/खोलाहरु बाहेक नदी/खोलाजन्य पदार्थको उत्खनन, सङ्कलन तथा बिक्री वितरण कार्य सामुदायिक वन तथा नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन ।

६. विक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख पाईनेछैन ।

७. नेपाल सरकार वा प्रदेश सरकार वा सूर्योदय नगरपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेक्कावाल स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

८. शुल्क उठाउने रसीदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेक्कावालले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाईप्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

९. विक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र सर्तहरु सहितको होर्डिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेक्कावालले सर्वसाधारणले देखेरी राख्नु पर्नेछ ।

१०. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ ।

११. तोकिएको म्याद भिन्न ठेक्कावालले सूर्योदय नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा सूर्योदय नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको ...... % का दरले व्याज समेत ठेक्कावालबाट सूर्योदय नगरपालिकाले असुल गर्नेछ ।

१२. सूर्योदय नगरपालिकाले बिक्री मूल्य वा शुल्क कर असुल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट लगाउन पाइनेछैन ।

१३. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको सर्त तथा दररेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१४. ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राखु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्खु पर्ने भएमा सूर्योदय नगरपालिकाको पूर्व स्विकृति लिएर मात्र राखु पर्नेछ ।

सङ्कलन केन्द्र राखे स्थानः

| क्र.सं. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राखे स्थान | कैफियत |
|---|---|---|---|
| | | | |

१५. आ.व. को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घन फिट/मिटर बिक्री दर रु....... मा मू.अ. कर बापत रु. प्रतिशत थप गरी निम्न अनुसार बिक्री मूल्य वा शुल्क सङ्कलन गर्न पाइनेछ । साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन् गर्न रोक लगाईनेछ ।

१६. उत्खनन्, सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिणाम सूर्योदय नगरपालिकाले जफत गरी लिलाम विक्री गर्नेछ ।

१७. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ विक्री बापत सूर्योदय नगरपालिका लाई बुझाउनु पर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राखुपर्नेछ ।

| नदीजन्य वा खानीजन्य पदार्थ(प्रति घन फिटमा) | ठेक्कादाताले लिन पाउने विक्री मूल्य वा शुल्क (..... %) | मू.अ.कर रकम (..... %) | कुल जम्मा |
|---|---|---|---|
| | | | |

१८. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन्, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१९. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन ।

२०. ठेक्कावालले यस सम्झौता/कबुलियतमा उल्लिखित सम्पूर्ण सर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा नगरपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट सर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जनुसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेक्कावाललाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपुर्ति दिइनेछैन।

२१. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ ।

२२. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने वाटो मर्मत गर्ने अवस्था आएमा ठेक्कावाल आफैले मर्मत गर्नु पर्नेछ। सो बापत लागेको खर्च नगरपालिकामा दाबी गर्न पाइने छैन ।

२३. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

२४. पुल, कल्भर्ट बाट माथि तर्फ ५०० मिटर देखि तल/मुनि तर्फ १००० मिटर भित्र सम्म निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनेछैन । साथै सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनेछैन ।

२५. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, वालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेक्कावालले वाटो निर्माण गर्नु पर्नेछ ।

२६. ठेक्का सम्झौता भएको मितिको भोलिपल्टदेखि ................. बजे बिहान देखि बेलुका ........ बजे सम्म मात्रउत्खनन् एवं सङ्कलन
समय अवधि हुनेछ ।

२७. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका सर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुन सुकै स्थानमा लगेको भएपनी सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

२९. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।

३०. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथाऔजारहरु ठेक्कावाल स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रवन्ध मिलाउनु पर्नेछ ।

३१. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेक्कावाल ले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेक्कावालको हुनेछ ।

३२. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थउत्खनन्, सङ्कलन तथा विक्री गर्नु पर्नेछ ।

३३. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची- ४
## (परिच्छेद - ३ को दफा ९ सँग सम्बन्धित)
## पट्टा/कायदिशको फाराम

सूर्योदय नगरपालिकाबाट श्री............... को नाति....................को छोरा ......... जिल्ला .........गा.पा. वा न.पा................. वडा नं.................... स्थायी घर भई हाल ....... गा.पा. वा न.पा. वडा नं................मा बसोबास गर्दै आएको वर्ष ...... को....................... ले कानून बमोजिम सूर्योदय नगरपालिकाको निमित्त तपसिल बमोजिमको सर्तमा तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको दरले आय रकम सङ्कलन गर्ने ठेक्का बन्दोवस्त गर्ने गरी यस नगरपालिकाबाट ठेक्का आह्वान गरिए अनुसार तपाई समेतले दिनु भएको ठेक्काको मूल्याङ्कन हुँदा आ.व. ............को लागि रु. ........................(मू.अ.कर बाहेक) अक्षरेपी ........................मात्रमा ठेक्का दिने गरी तपाईंसँग ठेक्का बन्दोवस्त गर्ने मिति............................. मा यस सूर्योदय नगरपालिकाबाट भएको निर्णय अनुसार तपसिलका सर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कबुलियत/सम्झौता गरिदिनु भएको हुँदा कबुलियत/सम्झौता बमोजिम घटी बढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति...................... भित्र सूर्योदय नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रु. ............................वा प्रथम किस्ता बापतको रकम रु......... बुझाई मिति ........ देखि मिति................ सम्म आ.व. ................को लागि देहाय बमोजिमका स्रोतहरुबाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला। तपाईले गरी दिनुभएको कबुलियत/सम्झौता र यो पट्टा/कायदिशको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी विक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोड़ी तपाई तपाइको फर्मको नाम कालोसूचीमा राख्ख सार्वजनिक खरिद अनुगमन कार्यालय, अन्य स्थानीय तहहरु र व्यवसाय दर्ता वा इजाजत पत्र दिने कार्यालयलाई समेत जानकारी दिइनेछ । र त्यसबाट यस नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस सूर्योदय नगरपालिकाबाट ठेक्का चलनको पूर्जी गरिदिईएको छ ।

तपसिल

(१) सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र सर्तको अधीनमा रही आ.व. ................... को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु. ................. बुझाई ............ साल ............. गते देखि ................. साल .................. गते सम्मलाई प्रचलित कानूनको अधीनमा रही नगरपालिकाको आय सङ्कलन गर्ने ।

(२) उक्त आय सङ्कलन गर्नका निमित्त सूर्योदय नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा विक्री मूल्य वा शुल्कको रुपमा आय सङ्कलन गर्नेछु। यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसिद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय सङ्कलन गर्न नगरपालिकाको कार्यालयवाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम अन्य कुनैको कर दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय सङ्कलन गरिने छैन। यदि कुनै अनाधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय हुनेछ ।

(४) अन्य कुराहरु तपाई र नगरपालिकाको कार्यालय बीच भएको सम्झौता बमोजिम हुनेछ ।

(५) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा मात्र गर्नुपर्नेछः

| क्र.सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | वालुवा (क्यू, फि./मि.) | ढुङ्गा (क्यू. फि./मि.) | ग्राभेल/गिट्टी (क्यू. फि./मि.) | सङ्कलन गर्ने स्थान |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|

**अनुसूची - ५**
**(परिच्छेद - ३ को दफा ९ सँग सम्बन्धित)**
**उत्खननकर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख**

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् ओसारपसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख

नाका वा स्थान भएको खानी वा नदीको नामः-
उत्खनन् गरिएको स्थानको नामः-

| क्र.सं. | उत्खनन गरिएको मिति | उत्खनन् परिमाण | उत्खननकर्ता वा प्रतिनिधीको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**अनुसूची- ६**
**((परिच्छेद - ३ को दफा ९ सँग सम्बन्धित)**
**दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरीज**

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् र सङ्कलन कार्यको लागि वातावरणीय अध्ययन कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरीज

नदी वा खानीको नामः-
नाकाको नामः-
मितिः-

| क्र सं. | दुवानी मिति | पटके बिक्री आदेश नं. | पटके बिक्री भएको परिमाण (ट्याक्टर/ट्रीपर/घ.मि.) | बिक्री भएको पदार्थ लैजाने सवारी नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

नोटः यो फाराम उत्खनन् स्थलबाट प्रत्येक पटक भरी पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा नगरपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

**अनुसूची-७**
**(परिच्छेद - ३ को दफा ९ सँग सम्बन्धित)**
**उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना**

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी

(क) उत्खनन्, सङ्कलन गरिने स्थलः

(ख) उत्खनन्, सङ्कलनको विवरण
१. नदी वा खानीको नामः
२. ठाउँको नामः
३. उत्खनन् गरिने परिमाण घनफिट माः
४. उत्खनन् कार्यमा प्रयोग हुने साधनः
५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेक्कावाल फर्मको नाम र ठेगानाः
६ उत्खनन् गर्ने अवधिः मिति २०... // गते बाट २०...../...../.... भित्र

कुनै गुनासो वा थप जानकारीको लागि सूर्योदय नगरपालिकामा सम्पर्क गर्ने ।